स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यही शुक्रबार अर्थात् साउन २३ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'सिटामोल'को नयाँ गीत 'रातो पछ्यौरी' मंगलबार सार्वजनिक गरिएको छ। गीतमा अञ्जना खतिवडा र रवि ओडको युगल गायन रहेको छ भने बाबुल गिरीको शब्द तथा संगीत छ। गीतको भिडियोमा फिल्मका मुख्य जोडी सौगात मल्ल र बेनिशा हमालबीचको प्रेमिल सम्बन्ध देख्न सकिन्छ।

आजको विचार...



विदेश...

(दुई पेजमा)

अनन्तप्रसाद घिमिरे



गायिका अस्मिता अधिकारी र गायक महेश काफ्ले अमेरिका उडेका छन्। अमेरिकाको विभिन्न २० भन्दा बढी विभिन्न सहरहरु 'सोलफुल यु.एस.ए यात्रा' गर्न उनीहरू मंगलबार अमेरिका उडेका हुन्। जसको जानकारी उनीहरुले सामाजिक संजाल मार्फत दिएका छन्। 'ओनेस्ट रियल इस्टेट'द्वारा प्रस्तुत र 'थ्री ई इन्टरटेन्मेन्ट'द्वारा व्यवस्थापन गरिएको उनीहरूको यात्रा कोलम्बस अमेरिकी सहरमा हुनेछ।

❐ वर्ष ३१ ❐ अंक २२ ❐ २०८२ साउन २२ गते बिहीबार 7 August 2025, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### वर्षाका कारण तीन सय बढीको मृत्यु



**सिन्ह्वा/न्युज एजेन्सी नेपाल**

**काठमाडौं,** साउन २१/ जुन २६ देखि पाकिस्तानभर वर्षासँग सम्बन्धित दुर्घटनामा ३०२ जनाको मृत्यु भएको छ । राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण (एनडीएमए) का अनुसार ७२७ जना घाइते भएका छन् । एनडीएमएको पछिल्लो रिपोर्टअनुसार देशका विभिन्न भागहरूमा मुसलधारे मनसुनी वर्षा जारी रहँदा विगत २४ घण्टामा दुई जनाको मृत्यु भएको छ भने १२ जना घाइते भएका छन् । पूर्वी पञ्जाव प्रान्त सबैभन्दा बढी प्रभावित भएको छ । जहाँ १६३ जनाको मृत्यु भएको छ र ५७९ जना घाइते भएका छन् । उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तमा ७१ जनाको मृत्यु भएको छ र ८६ जना घाइते भएका छन् । अधिकारीहरूले अगस्ट ५ देखि १० सम्म देशको माथिल्लो र मध्य भागहरूमा भारी मनसुनी वर्षा हुने चेतावनी दिएका छन् । प्रान्तीय सरकारहरूलाई निरन्तर वर्षाको बीचमा राहत कार्यहरू सञ्चालन गर्न र जोखिममा रहेका क्षेत्रहरूको निगरानी गर्न सल्लाह दिएका छन् ।

# जीवनको उत्तरार्द्धमा एक्लिँदै वृद्धवृद्धा

*जवानीमा अनेक घर, परिवार, इष्टमित्र हाँसीखुसी जीवन बिताएका नागरिक जीवनको उत्तरार्द्धमा एक्लो महसुस गर्दै आएका छन् । गरिखाने उमेरका छोराछोरी भविष्य बनाउन जसै लाखापाखा लाग्दै जान्छन्, घरगाउँमा पाकाहरू एक्लिँदै छन् । विश्वव्यापीकरण, बढ्दो सहरीकरण, आन्तरिक बसाइँसराइ, सामाजिक परिवेश, वैदेशिक रोजगारी र व्यस्त जीवनका कारण परिवारमा ज्येष्ठ नागरिक एक्लो हुँदै गएका हुन् ।*

**रामचन्द्र रायमाझी**

**तानसेन(पाल्पा),** साउन २१/जिल्लाको तिनाउ गाउँपालिका कचलका मनबहादुर बगालेका एक छोरी र तीन छोरा थिए । छोरीको बिहे भइसकेको छ । बाँकी तीन छोरा पनि उनका साथमा छैनन् । कोही वैदेशिक रोजगारमा गएका छन् भने कोही सहरमा गएर बसेका छन् । घरमा दुई बूढाबूढी मात्रै छन् । 'टाठाबाठा जति सहरतिर लागेका छन् । म र श्रीमती यही घरमा छौँ', उनले भने । गाउँमा मलामी जाने समेत पाउन छाडिसकेको बगालेको भनाइ छ ।

रैनादेवी छहराका ८१ वर्षीय टिकाबहादुर थापा बुटवलमा रहेको मानव सेवा आश्रममा बस्न थालेको तीन वर्ष भयो । उमेर र ऊर्जा हुन्जेल खेती किसानी गरेरै छोरोछोरी हुर्काए, पढाए र बिहेसमेत गरिदिए । तर, उनी अहिले बूढेसकालमा भने एक्लिएका छन् । 'बुढ्यौलीले छोएपछि काम गर्न सकिएन, छोराबुहारी र श्रीमतीले समेत झिँजो मान्न थाले,' उनले भने, 'मलाई चित्त दुख्यो, आश्रममा आएर बस्न थालेँ । अहिले आनन्द छ ।' घर छोडेदेखि परिवारसँग



उनको कुराकानी भएको छैन । निस्दी गाउँपालिका मित्यालका नरबहादुर सारु ७५ वर्षको भए । तर, उनलाई छोराले अवहेलना गरेको भन्ने लाग्दैन । बिहे गरेर अर्केको घरमा दिइन्छ, अनि बूढाबूढी मात्रै बस्नुको अर्को विकल्प के छ र र ?' उसो त सोही ठाउँका ७८ वर्षीय खड्का राना पनि एक्लै समयको चक्रसँगै आफूहरू एक्लिएको भन्दै उनी चित्त बुझाउँछन् । 'हातखुट्टा चलुन्जेल काम गरेर सहर बस्ने गर्छन्, यहाँ आउँदैनन्', उनले भने, 'छोरीको जीवन बिताउन थालेको पाँच वर्ष भयो । उनका चार छोरा, दुई छोरी र एक श्रीमती थिए । श्रीमती बितेको छ वर्ष भयो । 'छोरा कोही विदेशमा छन्, केही जागिरे छन्, छोरीहरु आफ्नो घर-घरमा छन्,' उनले भने, 'अहिले एक्लै जीवन बिताइरहनु परेको छ ।' उमेर बढ्दै, शक्ति घट्दै गएपछि आफन्त पनि बिस्तारै टाढिने गरेको उनको भोगाइ छ । रानाले वृद्धाभत्ताले जसोतसो जीविका चलाउँदै आएका छन् । तानसेनकी मीना विकको पनि एक छोरी छन् । उनका श्रीमान्को दुई वर्षअघि मृत्यु भयो । भएकी एक छोरीको विवाह भएको छ । विक उमेरले ६८ वर्षकी भइन् । उनले आँखाभरि आँसु पार्दै भनिन्, 'सुरुका दिनमा कति दुःख पाइयो । छोरीलाई तरकारी बेचेरै पढाएँ, अहिले उनी अर्काको घरमा छन् म भने एक्लै दिन काटिरहेकी छु ।'

*-बाँकी अन्तिम पेजमा...*




# बहुविवाह कानुन ल्याउन लागेकोमा पाल्पाका महिलाद्वारा विरोध

## संसद्मा मन्त्रीले गरे बचाउ

**पाल्पा,** साउन २१/सरकारले बहुविवाहलाई कानुनी वैधता दिने प्रस्तावित कानुन ल्याउन लागेको भन्दै जिल्लाका महिला संगठनहरुले विरोध जनाएका छन् । यहाँका ६ महिला संगठनहरुले मुलुकी अपराध संहितामा पूर्णत: निषेध रहेको बहुविवाहलाई निश्चित परिस्थितिमा छुट दिने गरी सरकारले कानुन ल्याउन लागेकोमा विरोध जनाउँदै बुधबार जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्री कार्यालय काठमाडौंलाई ज्ञापनपत्र पठाएका छन् ।

प्रशासन कार्यालय पुगेको महिलाहरुको टोलीले पाल्पाका प्रमुख जिल्ला अधिकारी तोयनारायण अधिकारीलाई सो ज्ञापनपत्र बुझाएका हुन् । अखिल नेपाल महिला संघ (क्रान्तिकारी)की प्रतिनिधि लक्ष्मी विश्वकर्मा, रास्वपा महिला विभागकी प्रतिनिधि शिला तिमिल्सिना ,राष्ट्रिय प्रजातान्त्रिक महिला संगठन पाल्पाकी अध्यक्ष बिर्जु खाती,अखिल नेपाल महिला संघ (समाजवादी) अध्यक्ष नारायणी खनाल,अखिल नेपाल महिला



संघकी अध्यक्ष उमा सिंजाली र राष्ट्रिय महिला मोर्चाकी प्रतिनिधि मोहन कुमारी थापा लगायतले ज्ञापन पत्रमा हस्ताक्षर गर्दै प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएका छन् ।जनताको बलिदानबाट प्राप्त लोकतान्त्रिक व्यवस्था लागू भए पश्चात जनताद्वारा चुनिएका संविधानसभा सदस्यहरुबाट बनेको नेपालको संविधान २०७२ ले बहुविवाह पुर्णत बन्देज गरेको प्रावधानलाई, निश्चित परिस्थितिमा बहु बिवाहलाई मान्यता दिई, एक पुरुषले बहुपत्नी राख्न सक्ने गरी दफाहरुमा थप तथा संशोधन गर्दै मसौदा तयार गरेको प्रति गम्भीर ध्यानाकर्षण भएको उनीहरुले बताएका छन् । आन्दोलनका बलमा प्राप्त उपलब्धि उल्ट्याउने प्रयाससहित आएको यो प्रतिगामी मस्यौदाको महिला संगठनले घोर निन्दा र भर्त्सना गरेका छन् । उनीहरुले उक्त प्रतिगामी मस्यौदा खारेज गर्नका लागि कानून मन्त्रालयलाई जोडदार माग गरेका छन् ।

**संसद्मा मन्त्रीले गरे बचाउ**

बहुविवाहलाई प्रोत्साहन गर्ने गरी कानुन ल्याउन लागेको भन्दै चौतर्फी आलोचना भएपछि कानून, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले प्रस्तावित विधेयकको बचाउ गरेका छन् । बुधबार प्रतिनिधिसभा बैठकमा बोल्दै कानुनमन्त्री चौरसियाले बहुविवाहलाई प्रोत्साहन गर्ने मनसाय नभएको तर्क गरेका छन् । उनले समाजमा नकारात्मक असर पार्ने गरी प्रतिनिधिसभा बैठकमा बहुविवाहसम्बन्धी व्यवस्था गरिएको विधेयक पेश नहुने बताए । मन्त्री चौरसियाले भने,"समाजमा नकारात्मक असर पार्ने गरी तथा सामाजिक मूल्य मान्यताप्रति प्रतिकूल प्रभाव पार्ने गरी बहुविवाहलगायत कुनै पनि विधेयक प्रतिनिधिसभा पेश नहुने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु ।"

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# मल छैन, के फलोस् धान

रोपेको धानमा चाहिने मल किसानले पाएका छैनन् । वर्षमा सात लाख टन मल चाहिन्छ भन्ने सरकारलाई सधैं थाहा भएकै कुरा हो । तर साढे दुई लाख टनको आपूर्ति कम भएको छ । ठेकेदारले आयात गर्न नसकेको जवाफ सरकारले दिन्छ । तर यो जवाफ सरकारका लागि काम लाग्ला किसानलाई काम लाग्दैन । उनीहरूलाई बहाना वा जवाफ होइन, मल चाहिएको हो । र, मल ल्याउन सक्ने ठेकेदार छान्ने, ल्याउन नसके कारबाही गर्ने र जुनसुकै जुक्ति लगाएर भए पनि मल ल्याउने कर्तव्य सरकारको हो । समयमै नभएपछि उत्पादनमा ह्रास आउने पक्का छ । धानको उत्पादनमा मलको ठूलो भूमिका हुन्छ । डिएपी मलले जरा बलियो बनाउँछ भने युरियाले बोटको वृद्धिमा मद्दत गर्छ । यी मल नपाउँदा उत्पादनमा २० देखि ४० प्रतिशतसम्म कमी आउन सक्छ । कतिपय अवस्थामा किसान कालोबजारीबाट बढी मूल्य तिरेर मल किन्न बाध्य छन् । मानसिक तनाव र निराशाः खेतीपातीमा जीवन गुजारा गर्ने किसानका लागि बाली बिग्रनु भनेको सीधै परिवारको भोकसँग जोडिएको विषय हो । मल नपाएर बाली बिग्रँदा उनीहरूमा चरम निराशा र तनाव उत्पन्न हुन्छ । कृषि पेसाप्रति वितृष्णाः मलको सधैँको पिरलो र सरकारको उदासीनताले धेरै युवा कृषि पेसा छाडेर वैदेशिक रोजगारीमा जान बाध्य छन् । यसले देशको खाद्य सुरक्षा र ग्रामीण अर्थतन्त्रमा दीर्घकालीन नकारात्मक प्रभाव पारेको छ । यो अत्यन्त दुखको कुरा हो ।

नेपालमा कति मल आवश्यक पर्छ भन्ने तथ्याङ्क कृषि मन्त्रालयमा छ होला । त्यो तथ्याङ्कलाई आधार मानेर खेती गर्नु अघि नै मलको व्यवस्था गर्नु पर्थ्यो सरकारले तर त्यसो गर्न सकिरहेको छैनन् । सरकारले हरेक बर्ष कृषिमा पर्याप्त बजेट विनियोजन गरे पनि किसानले समयमै मल पाउन नसक्नु विडम्बना हो । वास्तवमा नेपाल कृषिप्रधान मुलुक होइन । किन भने जुनसुकै पार्टीको नेतृत्वमा सरकार आए पनि समयमा मलको व्यवस्था समेत गर्न नसक्ने, वार्षिक खर्बौंको कृषिजन्य वस्तु आयात गर्नुपर्ने र मौसमी वर्षामा भर पर्ने भएपछि कसरी कृषिप्रधान मुलुक हुन सक्छ ? बजेटमा कृषिलाई जसरी प्राथमिकता दिइएको छ, त्यसरी नै व्यवहारमै कार्यान्वयन हुनु आवश्यक छ । जबसम्म किसानले बाली लगाउने बेलामा सहजै र उचित मूल्यमा मल पाउँदैनन्, तबसम्म कृषिक्षेत्रको विकास र किसानको जीवनस्तरमा सुधार आउन सक्दैन । सरकारले मललाई किसानका लागि जीवन–मरणको विषयका रूपमा बुझेर गम्भीरतापूर्वक समाधानका उपाय कार्यान्वयनमा ल्याउन ढिला गर्नु हुँदैन ।

## Opinion @ Social Network

खुशीलाई धितो राखेर जिउने गर्नुस
दु:ख पिडा त किस्ता किस्तामा आइरहन्छ नि।
*(एलिसा आलेको फेसबुक स्टाटसबाट www.facebook.com/Alisha.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विदेश पलायनको लहर : व्यवस्थाप्रतिको अविश्वास



## अनन्तप्रसाद घिमिरे

नेपालको युवा पुस्ता आज एउटा दोधारको मोडमा उभिएको छ । जहाँ, एकातिर युवाहरू भोलिको सम्भावनाको खोजीमा छन् भने अर्कोतिर आफ्नै देशप्रति गहिरो असन्तोष बोकेर बाँचेका छन् । यही द्वन्द्वको परिणतिमा, नेपालबाट हरेक दिन हजारौं युवा विदेशी भूमितर्फ उडिरहेका छन्, कतै पढ्न, कतै काम गर्न, कतै त केवल 'यहाँभन्दा त त्यहाँ केही त होला' भन्ने ध्येयका साथ । यस्तो पलायनको लहर सामान्य रहर वा विश्व भ्रमणको उत्साहमात्र होइन, यो एउटा सामाजिक विस्थापन हो, जहाँ युवाहरू आफ्नो अस्तित्वको उत्तर आफैं खोज्दै छन् । प्रश्न उठ्छ के उनीहरू अवसरको खोजीमा विदेश गएका हुन् या यो हाम्रो देशप्रतिको विश्वास गुमेको संकेत हो ? देशको इतिहास हेर्ने हो भने वैदेशिक पलायन नयाँ होइन । विगतमा भारतको गोरखापट्टीदेखि लिएर खाडी मुलुक, मलेसिया र हाल युरोप-अमेरिकासम्मका यात्रा यही देशका युवाहरूले गरेका छन् । तर, विगतका ती यात्रा मुख्यत: जीविकाको संकटकालीन विकल्प थिए, आजका पलायन चाहिँ तुलनात्मक रूपमा बढी शिक्षित, जानकार र आकांक्षी पुस्ताले गरिरहेका छन् । उनीहरू केवल कमाउनमात्र होइन, बाँकी जीवनको सुरक्षाको खोजीमा विदेशिएका छन् । यसले स्पष्ट पार्छ, विदेश पलायन केवल अवसर प्राप्तिको साधन होइन, यो नेपाली राज्यप्रणालीमाथिको गम्भीर असन्तोषको सूचक पनि हो ।

देशमा सम्भावना छैन भन्ने सोचले मानिसलाई बाहिरको संसारप्रति लोभ लाग्नु स्वाभाविक हो । नेपालमा शिक्षित भएर पनि काम नपाउने, काम पाउँदा पनि न्यायसंगत पारिश्रमिक नपाउने, स्वरोजगारका लागि पुँजीको अभाव, बैंकिङ प्रणालीको जटिलता र नीति तहको अविश्वास-यी सबै कारणले गर्दा युवाहरूले यही भूमि त्याग्न थालेका हुन् । यदि राज्य संरचनाले तिनीहरूलाई यथोचित मार्गदर्शन, अवसर र सम्वादको वातावरण दिएको हुन्थ्यो भने सायद आजको पलायनको दर यति तीव्र हुने थिएन । युवाहरूका आँखामा सपना छन् तर ती सपना आजसँगै लड्ने नेताहरूमा छैनन् । जनप्रतिनिधि, स्थानीय सरकार वा केन्द्रका नीतिनिर्माताले युवाको ऊर्जा कहाँ लगानी गराउने भन्नेमा स्पष्ट दिशा दिएका छैनन् । बरू, उनीहरू आफ्नै सत्ता जोगाउने, सन्तानलाई सुरक्षित बनाउने र व्यक्तिगत फाइदा सुनिश्चित गर्ने खेलमा व्यस्त छन् । यही राजनीतिप्रतिको वितृष्णाले युवाहरूलाई 'विदेश गएर केही गरौं' भन्ने सोचमा धकेलेको हो । उनीहरू भन्छन्, 'देशमा न्याय छैन, मौका छैन, अब बाँकी जीवन त्यहीं खेर जान दिँदैनौं ।' यसको अर्को पक्ष पनि त्यत्तिकै गम्भीर छ, आज पलायन केवल आर्थिक कारणले सीमित छैन, यो सामाजिक संरचना भत्किँदै गएको लक्षण हो । युवा पुस्ता आज समाजसँग भावनात्मक रूपमा टाढिँदै गएको छ । टोल, गाउँ, जात, संस्कृति, चाडपर्व, परम्परा यी सबै चिजहरू उनीहरूका लागि अब केवल 'याद' बन्न थालेका छन् । जब कोही युवा भन्छ, 'देश सम्झिन्छु, तर फर्कन चाहन्न', त्यो केवल व्यक्तिगत अनुभव होइन,

*देशमा सम्भावना छैन भन्ने सोचले मानिसलाई बाहिरको संसारप्रति लोभ लाग्नु स्वाभाविक हो । नेपालमा शिक्षित भएर पनि काम नपाउने, काम पाउँदा पनि न्यायसंगत पारिश्रमिक नपाउने, स्वरोजगारका लागि पुँजीको अभाव, बैंकिङ प्रणालीको जटिलता र नीति तहको अविश्वास–यी सबै कारणले गर्दा युवाहरूले यही भूमि त्याग्न थालेका हुन् । यदि राज्य संरचनाले तिनीहरूलाई यथोचित मार्गदर्शन, अवसर र सम्वादको वातावरण दिएको हुन्थ्यो भने सायद आजको पलायनको दर यति तीव्र हुने थिएन । युवाहरूका आँखामा सपना छन् तर ती सपना आजसँगै लड्ने नेताहरूमा छैनन् । जनप्रतिनिधि, स्थानीय सरकार वा केन्द्रका नीतिनिर्माताले युवाको ऊर्जा कहाँ लगानी गराउने भन्नेमा स्पष्ट दिशा दिएका छैनन् । बरू, उनीहरू आफ्नै सत्ता जोगाउने, सन्तानलाई सुरक्षित बनाउने र व्यक्तिगत फाइदा सुनिश्चित गर्ने खेलमा व्यस्त छन् । यही राजनीतिप्रतिको वितृष्णाले युवाहरूलाई 'विदेश गएर केही गरौं' भन्ने सोचमा धकेलेको हो । उनीहरू भन्छन्, 'देशमा न्याय छैन, मौका छैन, अब बाँकी जीवन त्यहीं खेर जान दिँदैनौं ।'युवा पुस्ता आज समाजसँग भावनात्मक रूपमा टाढिँदै गएको छ ।*

त्यो समग्र पुस्ताको भाव हो । वैदेशिक पलायनले एकातिर देश रेमिट्यान्सको सापटमा बाँचेको छ तर अर्कोतिर देशभित्रको श्रम, बुद्धि र सम्भावनाको शून्यता खडा भएको छ । आज काठमाडौंबाट जुम्ला, झापा वा डोटी जाँदा डाक्टर, इन्जिनियर, शिक्षकको अभाव देखिन्छ–किनभने उनीहरू सबै विदेश गइसकेका छन्, या गइरहेका छन् । जुन सीप, शक्ति र प्रतिभा देशको विकासका लागि आवश्यक थियो, त्यो अब विदेशी भूमिमा योगदान दिइरहेको छ । यो केवल जनशक्ति गुमाउनु होइन, देशको भविष्यलाई निरन्तर कमजोर बनाउने चक्र हो । सामाजिक सञ्जालले यस पलायनलाई अझ सशक्त बनाइरहेको छ । फेसबुक, इन्स्टाग्राम वा टिकटकमा चम्किलो तस्वीर देख्दा देशमा बसेको युवाले आफ्नो जीवन अपूरो ठान्न थाल्छ । विदेशको जीवनलाई सबैले सुखद् र स्वतन्त्र ठान्ने प्रवृत्तिले गर्दा देशमै रहेर संघर्ष गर्नेहरूलाई न्यून मूल्यांकन गर्ने चलन बढ्दो छ । जसले गर्दा युवाले केवल विदेश जाने रहर होइन, 'देशमा बाँच्न नसकिने' भावना पनि विकास गरिरहेका छन् । यसबीचमा ठूला शहरका निजी शिक्षालयहरूले 'विदेश पठाउने ग्यारेन्टी'का विज्ञापन गर्छन्, म्यानपावर कम्पनीहरूले मजदुरको भिसालाई 'सपना'को रूपमा बेचिरहेका छन् र सरकार भने यस प्रवृत्तिलाई नियमन गर्न होइन 'प्रशंसा' गर्न तल्लीन छ । नीतिनिर्माताहरू विदेश जाने युवालाई 'देशको आर्थिक मेरुदण्ड' भन्छन्, तर देशमै ती युवालाई कसरी राख्ने भन्नेबारे चुप छन् । के यो मौनता राज्यको आत्मसमर्पण होइन ? नेपालका युवामा क्षमता छ, सिर्जनात्मक सोच, प्रविधिको ज्ञान, व्यावसायिक उत्साह र सहनशीलता तर ती सबै कुरा देशमा प्रयोग गर्नसक्ने वातावरण छैन । शिक्षा प्रणाली परीक्षामै केन्द्रित छ, उद्यमशीलताको संरचना कमजोर छ र कानुनी सुरक्षाको विश्वास छैन । यदि एक युवा स्वरोजगार सुरु गर्न चाहन्छ भने बैंकहरू ऋण दिन डराउँछन्, सरकारी अफिसहरूले घूस माग्छन् र समाजले पनि उसलाई सहयोग होइन, संशय गर्छ । यस्तो अवस्थामा विदेश नजाने विकल्प के रहन्छ ? समस्या सधैं विदेश जानुमा छैन, समस्या देशमा बस्न सक्ने वातावरण नहुनुमा हो । यदि देशमै सशक्त उद्यम, स्पष्ट नीति, सुरक्षित रोजगारी र पारदर्शी शासनको वातावरण हुन्थ्यो भने धेरै युवा यही माटोमा रित्याउने सपना देख्थे ।

आज पनि धेरै नेपाली युवा विदेश बसेर भन्छन्, 'देश राम्रो हो तर सिष्टम बिग्रेको छ ।' यही बिग्रिएको सिष्टमले आज जनशक्तिलाई बाहिर धकेलिरहेको छ र राज्य त्यो हेरेर टोलाइरहेको छ । अवसरको खोजी जीवनको स्वाभाविक प्रवृत्ति हो । मान्छे जहाँ सम्भावना देख्छ त्यतै उड्छ तर कुनै पनि देशमा जब आफ्ना नागरिकहरूले आफ्नै भूमिमा सम्भावना देख्न छाड्छन् भने त्यो केवल पलायन होइन-विश्वासको क्षय हो । आजको विदेश पलायन एउटा गहिरो सन्देश हो जसले देशलाई भन्छ, 'हामी तपाईंमा भरोसा गर्न सक्दैनौं ।' यस अवस्थाबाट निस्कनका लागि तत्काल तीन तहमा काम गर्नुपर्छ । पहिलो, नीति तहमा सरकारले युवामैत्री र रोजगारी-उन्मुख नीति बनाउनुपर्छ, जहाँ स्वरोजगार, स्टार्टअप, सीपमूलक तालिम र क्षेत्रीय विकास प्राथमिकतामा रहून् । दोस्रो, सामाजिक तहमा समाजले विदेश गएका युवालाई मात्र सम्मान नगरी देशमै संघर्ष गरिरहेकालाई पनि प्रेरणा ठान्न सिक्नुपर्छ । तेस्रो, शैक्षिक तहमा हाम्रा पाठ्यक्रमले युवामा उद्यमशीलता, नवप्रवर्तन र उत्तरदायित्वको भावना विकास गर्नुपर्छ, ताकि उनीहरू देशमा केही गर्न सकून् । आजका युग विदेश जानु पाप होइन, त्यो त व्यक्तिको आकांक्षा हो तर देशमै बस्न नसक्नु भने गम्भीर चिन्ताको विषय हो । हामीले साँचो अर्थमा युवाहरूको 'अवसरको खोजी'लाई समर्थन गर्नुपर्छ तर 'व्यवस्थाप्रतिको अविश्वास'लाई सामान्यीकरण गर्न दिनु हुँदैन । युवाहरूको पलायन रोक्न सकिँदैन, तर उनीहरूको विश्वास फिर्ता ल्याउन सकिन्छ, यदि राज्य, समाज र नीति निर्माताहरूले इमानदारीपूर्वक उत्तरदायित्व लिन सके भने । त्यो दिन, जब युवा भन्छन्, 'हामी देशमै केही गर्छौं,' र त्यसका लागि उनीहरूसँग संरचना, सम्मान र सम्भावना हुन्छ त्यो दिन पलायनको लहर थमिनेछ । अस्तु ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : समारोहमा सहभगी हुने अवसर मिल्नेछ। सफलता र नयाँ अवसरले पछ्याउनेछ। | **तुला** : मनोबल उच्च रहनेछ। थोरै लाभ भएपनि ठूलो आवश्यकता पूर्ति हुनेछ। |
| **वृष** : शरीरमा कमजोरीको अनुभूति हुनेछ। पेशामा मन नमिल्दो व्यक्तिसँग कार्य गर्नुपर्ला। | **वृश्चिक** : अँटिका कार्य सम्पादन गर्नमा सफलता मिल्नेछ। संचित धनमा वृद्धि हुनेछ। |
| **मिथुन** : दिन मनोरञ्जनपूर्ण रहनेछ। नयाँ ज्ञानले अध्ययनमा उत्साह जगाउनेछ। | **धनु** : मान प्रतिष्ठा बढ्नेछ।आजको उपलब्धिले अरु कार्यप्रति उत्साह जगाउनेछ। |
| **कर्कट** : मेहनतीहरूका लागि समय उत्तम रहनेछ। समस्याले समस्या निम्त्याउँला। | **मकर** : विदेशतिरबाट राम्रो सूचना मिल्नेछ। अध्यात्ममा मन लाग्नेछ । |
| **सिंह** : सन्तान पक्षलाई लिएर शुभ सूचना मिल्नेछ। अँटिका कार्यसम्पादन गर्न सकिनेछ। | **कुम्भ** : आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। रोकिएका कामले गति लिनेछ। |
| **कन्या** : परिस्थितिवस आृनो लागि समय अनुकूल नहोला। मित्रताको बन्धन कसिनेछ। | **मीन** : गरिएका कामको राम्रो मूल्यांकन हुनेछ।राजनीतिक क्षेत्रमा सक्रियता बढ्नेछ। |




नीतिकथा

# जीवनको उद्देश्य




धेरै पहिले एउटा सहरमा एक सज्जन चिकित्सक दम्पती बस्थे । पति मेडिसिन विशेषज्ञ थिए पत्नी स्त्रीरोग विशेषज्ञ । उनीहरूको राम्रै चलेको अस्पताल थियो । धन सम्पत्तिको कमी थिएन । कमी थियो केवल सन्तानको । यसैको चिन्ताले खाएको थियो । त्यसैले मन बहलाउन भनेर बरोबर यात्रामा निस्कने गर्थे । कहिले कतै जान्थे कहिले कतै । एक दिनको कुरा हो । उनीहरू कुनै नयाँ स्थानको भ्रमणमा जाँदा घना जङ्गलको बीचमा फसे । घनघोर पानी परिरहेको थियो । बाटो पत्ता लगाउनै गाह्रो पऱ्यो । यसै पनि नयाँ ठाउँ त्यसमाथि जङ्गलको बाटो । झन् त्यसमाथि पानीको वर्षा किन खपिसाध्दे हुन्थ्यो र । उनीहरूलाई जङ्गल पार गर्न फलामको चिउरा चपाउनुजस्तै भयो ।

जेनतेन जङ्गल पार त गरे तर त्यति बेलासम्म भोक लागिसकेको थियो । खाने ठाउँ खोज्दै केही अघि के बढेका थिए एउटा गरिबको बस्ती भेटियो । बस्ती सानो थियो । त्यस्तै दश बिस घर थिए होलान् । उनीहरूको गाडी बाटामा पर्ने एउटा सानो घरमा पुगेर रोकियो । घरमा सानो पसल थियो । पसल पनि के भन्ने र नाम मात्रको, जहाँ घरायसी प्रयोगमा आउने नगण्य सामान थिए । सज्जन दम्पतीलाई भोग लागेको भए पनि खाने स्थान नदेखिएकाले चिया खाने विचार गरी घरको ढोका खटखटाए । भित्रबाट एउटी अधबैंसे महिला निस्किन् । सज्जन दम्पतीका पतिले एउटा सानो साबुन किने र हात मुख धुन लागे । पत्नीले चिया खान पाइन्छ कि भनेर सोधिन् । अधबैंसे महिला पाउनुहुन्छ हजुर भन्दै भित्र छिरिन् र चिया बनाउन लागिन् । उनले चिया बनाउन्जेल सज्जन दम्पतीले हातमुख धुने काम सके । चिया देख्नमा त्यति राम्रो थिएन । दूध कम थियो सख्खर हालेर बनाएकाले रङ्ग पनि त्यस्तै तर अदुवा र तुलसीको पात हालेर बनाइएको रहेछ खाँदामा भने निकै मीठो । मीठो पनि यति कि उनीहरूले यस अघि यस्तो चिया खाएकै थिएनन् । खाइसकेपछि सज्जनले सोधे- 'पैसा कति भो आवै ?' उत्तरमा महिला बोलिन् 'दश रुपियाँ ।' सज्जनले आश्चर्य मान्दै सोधे- 'यति मात्रै ?' 'हो हजुर यति मात्रै ।' 'तर हामीले त साबुन पनि लिएका छौ नि ?' 'त्यसैको पैसा हो यो साहब ।' 'अनि चियाको ?' 'साहब ! अतिथि भनेका देवता समान हुन्छन् भन्छन् । हामी खानाको पैसा लिँदैनौँ ।' महिलाको कुरा सुनेर सज्जन अवाक् भए । शरीर मैलो भए पनि मन कति सफा । सम्पत्तिले गरिब भए पनि मनको कति धनी । त्यसपछि सज्जनलाई के लागेछ कुन्नि सोधे- 'घरमा कति जना हुनुहुन्छ ?' महिलाले भनिन् 'दुई बालबालिका छन्, जुन अहिले घाँस काट्न गएका छन् । बिरामी श्रीमान् भित्र हुनुहुन्छ ।' उनको कुरा सुनेर सज्जनले आफूलाई थाम्न सकेनन् र आफैँ गएर हेरे, जहाँ बिरामी अर्ध चेत अवस्थामा पल्टिरहेका थिए । उनले नाडी छाम्दै भने- 'ज्वरो निकै रहेछ । अहिलेसम्म किन अस्पताल नलानुभएको ?' महिलाले मलिन अनुहारमा भनिन् 'गरिबका लागि अस्पताल कहाँ नसिब हुन्छ र साहब ! हामी त रोग लागेपछि भगवान् भरोसा हुन्छौँ ।' सज्जन थप व्यथित भए । केही औषधी दिएर खिन्न मनले हिंडे । फर्कँदा बाटो त्यही परेकाले बिरामी हेर्न गए । त्यति बेलासम्म बिरामी स्वस्थ भइसकेका रहेछन् । उनलाई देख्ने बित्तिकै उनीहरू यति खुसी भए कि सज्जन दम्पतीले मानिस यति खुसी भएको यस अघि कहिल्यै देखेका थिएनन् । त्यसपछि केही परे सम्झनु होला भन्दै ठेगाना टिपाएर बाटो लागे । शरमा पुगेपछि उनले आफ्नो अस्पतालमा पैसा हुनेसित मात्र शुल्क लिने र नहुनेलाई नि:शुल्क उपचार गर्ने नियम बसाए । उनको व्यवहार सरहका अन्य अस्पताललाई मन परेन र जिल्लाका स्वास्थ्य सम्बन्धी हाकिम समक्ष गएर गुनासो गरे । उनीहरूको कुरा सुनेर हाकिम आफैँ गएर वस्तुस्थिति बुझ्ने प्रयास गरे । त्यसपछि सज्जनले ती गरिब महिलाको व्यवहार सुनाउँदै भने- 'जीवनको हर परीक्षामा पहिलो हुँदै आएको छु ।

एम बि बि यस र एमडीमा समेत गोल्डमेडलिस्ट हुँ तर सभ्यता, संस्कार र सेवामा ती गाउँकी गरिब महिला मभन्दा अगाडि निस्किन् । त्यसैले सेवा र संस्कारमा पनि गोल्डमेडलिस्ट बन्ने इच्छा भएकाले सेवा सुरु गरेको हुँ । भगवान्ले शरीर र धन सम्पत्ति दिएका केका लागि ? सेवाका लागि नै त हो । यसै पनि हाम्रो व्यवसाय पैसा कमाउनका लागि नभएर सेवाका लागि हो । म त भन्छु अरूहरूले पनि यस्तै गरुन् ।' उनको कुरा सुनेर हाकिम निकै प्रभावित भए । त्यसपछि उनले सहरका सबै असपतालले पैसा हुनेसित मात्र शुल्क लिने र नहुनेलाई नि:शुल्क उपचार गर्नुपर्ने नियम बसाए । यो एउटा दृष्टान्त हो । जहाँ पनि र जहिले पनि मानव जीवन प्राप्त भएको सेवा गर्नकै लागि हो । प्रकृतिले यही सिकाएको छ धर्मशास्त्रले यस्तै सन्देश दिएको छ । आफ्नो लागि त सबै बाँचेकै हुन्छन् वास्तवमा त्यस्तै बचाई सार्थक हुन्छ, जो अरूका लागि बाँचेका हुन्छन् ।

***-रातोपाटी डटकम***





**नामः प्रान्सिका भट्टराई**
**उमेर : ७ वर्ष**
**कक्षा : २**
**स्कुल : सेन्ट कपितानियो स्कुल**

निबन्ध ● दिनेश पौडेल

# हामी किन यति बेचैन ?



'अल टाइम इज फ्री टाइम, एभ्रिवान इज अ डक्टर ।' भारतको कुनै टिभी कार्यक्रममा भारतीयहरूको चरित्रको बारेमा यो वाक्यांश भनिएको थियो । म देख्छु, यो वाक्य नेपालीको बारेमा पनि हु-बहु लागू हुन्छ । नेपालमा डाक्टरबाहेक सबैलाई रोग र औषधि थाहा छ । इन्जिनियरबाहेक सबैलाई घरनक्सा, पुल, सडक बनाउन आउँछ, शिक्षकबाहेक सबैलाई पढाउन आउँछ, न्यायाधीशबाहेक सबैलाई न्याय गर्न आउँछ, पुलिसबाहेक सबैले अपराधी चिनेका छन् । नेतालाई अझ सबैथोक आउँछ । यसै भएर यसमाथि अलिकति घोत्लिन लागेको छु म आज । केही वर्षअघि अर्थात् २०६८ सालतिरको कुरा, मेरो स्वरमा समस्या आयो । डाक्टर विज्ञलाई देखाएँ, उनले एक महीना पूर्णरूपमा 'भ्वाइस रेस्ट'मा बस्न भने । मैले त्यो एक महीना एक शब्द पनि उच्चारण नगरी बिताएँ । इसाराले हाटबजार गरेँ, इसाराले भेटघाट र कामकाज गरेँ । स्कुलको शिक्षक थिएँ म उसबेला, शैक्षिक सामग्री बनाएर, उपलब्ध विभिन्न श्रव्यदृश्य सामग्री प्रयोग गरेर, बोर्डमा लेखेर र छलफल गराएर एक महिना चुइँक्क नबोली पढाएँ । आफन्तजन, साथीभाइ र चिनारुहरू मेरो स्वरमा आएको समस्याको बारेमा चिन्तित हुनुहुन्थ्यो । अनि आफूले जानेको औषधि सिकाउनुहुन्थ्यो । कति जनाले घरमा भएको कुनै जडीबुटी ल्याइदिनुहुन्थ्यो र त्यो कसरी तयार गर्ने, कहिले र कसरी खाने, विधिसमेत सिकाउनुहुन्थ्यो । त्यसबेला मैले थाहा पाएँ मेरो सहरको सडकमा हिँड्ने सबै मान्छे डाक्टर रहेछन् । कोहीचाहिँ त्यस्तै समस्यामा परेको उहाँहरूको कुनै आफन्तले दमकको एउटा डाक्टर, उता भद्रपुरदेखि कतापट्टिको गाउँको एउटा जान्ने, काठमाडौँको कुनै महँगो निजी अस्पताल वा अर्को के छ तुरुन्त सिफारिस गर्नुहुन्थ्यो ।

कोही चतरा जान र फलानाजी महाराजबाट यसको औषधि मागन भन्नुहुन्थ्यो । अनि भन्नुहुन्थ्यो- 'च्वाट्टै निको हुन्छ ।' उहाँहरूसित भेट हुँदा मलाई सल्लाहको भारीका कारण अत्यन्त सकस हुन्थ्यो । म आफूले गर्दै गरेको उपचारको बारेमा लेखेर बताउँथेँ, अनि लेख्थेँ- 'हजुरको सल्लाह मनासिब छ, तर अहिले म घोपाको 'भ्वाइस स्पेसलिस्ट' अर्थात् स्वरयन्त्र विशेषज्ञको सल्लाह मानिरहेको छु । हेरौँ न कस्तो हुन्छ ...।' अर्को हप्तातिर पुन: भेट भइहाल्थ्यो । अनि सुरु हुन्थ्यो उपदेशको वर्षा- 'मैले दिएको औषधि खाइरहनुभएको छ नि ! ठीक भयो ?' वा 'त्यति जान्ने डाक्टरको नाम सिफारिस गरेको, तपाईँ कस्तो मान्छे ? चुप लागेर बस्ने हो ? के नपुग्दो छ तपाईँलाई ? गइहाल्नोस्, पैसा छैन भने हामीलाई भन्नोस् । कि आफू जान्नू, कि भनेको मान्नू !' एक महिना मौन बसेपछि मेरो समस्या समाधान भयो । अनि अर्कोपल्ट जनैखटिराको समस्या देखियो । मैले तत्काल इन्टरनेटमा यसको कारण, लक्षण, परिणाम र समाधानको बारेमा खोजी गरेँ । म त्यसबेला डाक्टरहरूको एउटा अन्तर्राष्ट्रिय पेसागत सङ्गठनको पर्यवेक्षक सदस्य थिएँ, 'मनोविज्ञान' पढेको नाताले । त्यस सङ्गठनको वेबसाइटमा आफ्नो समस्या राखेँ । नाइटोवरिपरिको रातो भागको फोटो, लक्षण आदि सबै राखेँ । विशेषज्ञहरूले औषधि सुझाए । स्थानीय बजारमा ती कुनै औषधि पाइने रहेनछन् । बल्लबल्ल एउटाचाहिँ पाइयो- 'क्यालामाइन लोसन' । त्यसैले ठीक हुन्छ भनेका थिए । त्यो छालामा लाउने सामान्य औषधि हो र त्यसले 'इन्फेक्सन' हुनबाट रोक्ने मात्र हो । केही दिन त्यो लगाएपछि साँच्चै ठीक भयो । म दुई दिनमात्र स्कुल जान नसक्ने गरी बिरामी परेँ । लगभग पन्ध्र दिनमा पूरै ठीक भयो । जनैखटिरो भनेपछि कति पीडाजनक हुन्छ, मैले भनिरहनुपर्दैन । यसका कैयौँ बिरामी महिना दिनसम्म रोएको र अझ केहीलाई त वर्षौं पछिसम्म यसको पीडा नहटेको पनि देखेका छौँ । कति बिरामीलाई काठमाडौँ, सिलिगुडी, दिल्ली वा भेलोरसम्म दौडाएको पनि देखेका छौँ । तर बेलैमा उपचारमा लागेकाले खासै ठूलो समस्यामा परिनँ, बचेँ । फेरि यसपल्ट अर्को समस्यामा परेको छु । मोटरसाइकलबाट लडेर देब्रे गोडो भाँचियो । सुरुमा मलाई सामान्य मर्केको होला भन्ने लाग्यो । नजिकैको निजी अस्पतालमा पुगेँ । विशेषज्ञ डाक्टरले एक्स-रे गराए, हेरे, जाँचे, छामे अनि भने- 'हड्डी भाँचिएको रहेनछ ।' हाफ प्लास्टर गराएर घर पठाए । डाक्टरले भने- 'दुई हप्तामा आउनू । हामी प्लास्टर खोलिदिन्छौँ । एक्स-रे हेरौँला त्यतिखेर फेरि ।' घटना सुनेका निकै आफन्त, चिनारु र शुभचिन्तक आउनुभयो । कसैले तुरुन्त धरानको घोपा जान, विराटनगरको नोबेल जान, काठमाडौँको मेडिसिटी वा अर्को अस्पताल जान सुझाउनुभयो । कसैले उहाँको फलाना नेतासित सम्पर्क छ, तिनलाई भनेर डाक्टरसँग भेट्नुपर्छ भन्नुभयो । कसैले झापाको निताई, कसैले लाहानको कुनै आयुर्वैदिक डाक्टर त कसैले धनकुटाकी कुनै बूढीबजूको नाम लिनुभयो । सबैमा दृढ विश्वास थियो, आफूले जानेको उपाय सर्वोत्तम हो । 'यसरी चुपचाप घरमै बसेर हुन्छ ? गइहाल्नोस् काठमाडौँ । म मेरा भान्जालाई भनेर फलानो विशेषज्ञ डाक्टरसँग अपोइन्टमेन्ट मिलाइदिन्छु ।' कसैले भन्नुभयो । मैले सबैका कुरा सुनेँ । तर मैले आफूले देखाएको विशेषज्ञ डाक्टरको सल्लाह मानेँ । दुई हप्तापछि मैले सोचेँ- 'नभाँचिएको ठाउँमा किन एक्स-रे गर्ने ? प्लास्टर त म आफैँ खोलिहाल्छु नि !' प्लास्टर खोलेँ । हल्का सुन्निएको देखियो । केही दिन अरू पर्खेँ, सुधार देखिएन । चोट लागेको होला नभाँचिए पनि, मलाई लागिरहेको थियो । तर सुधार कत्ति पनि देखिएन । छक्क परेँ । अरू केही दिन बैसाखी नटेकी यताउता हिँडेँ । गोडो खोच्याउँदै । समस्या सुधार भएन । बरु सुन्निन पो थाल्यो । अनि सुरु भयो अस्पतालको यात्रा । विराटनगर दौडेँ । विशेषज्ञ डाक्टरलाई देखाएँ । एक्स-रे गराए । हेरे । 'भाँच्चिएको छ ।' ती डाक्टरले भने । 'यहाँ त भाँच्चिएको देखिएको छैन । यस एक्स-रेमा के गल्ती भयो ?' मैले पहिलेको एक्सरे देखाएर डाक्टरलाई सोधेँ । 'तपाईँकै हो र यो ?' उनले भने । मैले हो भनेँ । 'त्यसोभए यसबीच तपाईँ फेरि एक्सिडेन्टमा पर्नुभएको रहेछ । यो एक्स-रे क्लियर छ, यसमा त भाँचिएको देखिँदैन ।' उनले पहिलेको एक्सरे राम्ररी हेरेर भने ।

म यसबीच खासै कतै गएकै छैन, गए पनि बिस्तारै खुट्टो खोच्याउँदै होसियारीसँग हिँडेको छु । कसरी यसबीच भाँच्चिन्थ्यो र ? 'प्लास्टर लाउने कि स्टिल ? स्टिल लाए ढुक्क । मै लाइदिन्छु ।' तिनले भने । 'प्लास्टर लगाऊँ होला, अपरेसन गर्नुभन्दा त ।' मैले भनेँ । अनि प्लास्टर लाएर थप छ हप्ताका लागि पुन: घरमा थन्किएको छु । यसबीच फेरि आफन्त र चिनारुहरू उसैगरी आउनुभयो । मेरो चोटको बारेमा उहाँहरू चिन्तित भएकैले त्यति टाढाटाढाबाट धाएर आउनुभएको हुन्थ्यो । उहाँहरूले मलाई राम्ररी सम्झाउनुभयो । खर्च गर्न नडराउन, परेमा सहयोग गर्न तयार छु भन्नुभयो । भद्रपुरतिरबाट मालिस गर्ने तेल र औषधि पठाइयो । लक्ष्मीमार्गबाट कुनै हरिया पात पठाइयो, खानुपर्ने । इटहरीकै आफन्तले शिलाजित, काँचो सिम्रिक र अरू अनेक पहाडी जडीबुटी किनाउनुभयो । ताप्लेजुङबाट आउनुहुँदा एक जनाले हडचुर र केके ल्याइदिनुभयो । कसैले भरेदेखि चिप्लेकीरा खानुपर्छ भन्नुभयो । कसैले चौँसुर प्रतिदिन खान भन्नुभयो । कसले अझ केके । म चुपचाप सबैको गिनिपिग भएँ । जे-जे भए पनि मान्दै गएँ । दिएको खाएँ, खपीनसक्नु तीता, दुर्गन्धी वा अमिला । खाँदैपिच्छे उल्टी होला कि भन्ने डर हुने । महमा मिसाएर, दूधमा घोलेर भए पनि खाएँ । दल्ने औषधिचाहिँ बाहिर-बाहिर मात्र दलेँ, प्लास्टरभित्रको भागलाई छोइनँ, सुरक्षित राखेँ । सुधार भइरहेको नै होला । प्लास्टर खोल्ने दिन अब थोरै छ । यति गर्दा पनि हाड नजोडिए अब स्टिल हाल्ने भनेका छन् डाक्टरले । म फिक्रीमा छैन । यतिका अस्पताल र डाक्टर हुँदाहुँदै हामी किन यति बेचैन ? किन यति आत्तिएका ? उपचारको नाममा बिरामीलाई दौडाएको दौडायै गरेर हामी बिरामीलाई किन यति दु:ख दिन्छौँ ? आफू पनि किन यति दु:ख पाउँछौँ ?

***-साहित्यपोस्ट डटकम***

# पाल्पामा पाँच देशका भिक्षुहरुको वर्षाबास



**पाल्पा,** साउन २१/जिल्लाको तिनाउ गाउँपालिका-१ झिगामारामा विभिन्न पाँच देशका बौद्ध भिक्षुहरु वर्षाबासमा रहेका छन् । नेपालसहित, सिङ्गापुर, थाइल्याण्ड, बेल्जियम र मलेसियाबाट भिक्षुहरु वर्षाबासमा रहेका छन् ।

बुद्ध जन्मस्थल लुम्बिनीदेखि उत्तर करिब ३५ किलोमिटर दूरीमा झिगामारा रहेको छ । यहाँ ध्यान तथा तपस्याका लागि बनाइएको विहारमा अन्तर्राष्ट्रिय स्तरका भिक्षुहरु समेत आएर ध्यानमा बस्ने गर्दछन् । यहाँ आउने भिक्षुहरुको सहज व्यवस्थापन गरिर्दै आएको विहार व्यवस्थापनका भिक्षु सन्दिप कार्कीले बताए । बौद्ध धर्मको परम्परा अनुसार ३ महिनासम्म बसिने विशेष ध्यान तथा अध्ययन सहितको बासका लागि भिक्षुहरु यहाँ आउने गर्दछन् । हरेक वर्ष आषाढ शुक्ल पूर्णिमादेखि सुरु भई कार्तिक शुक्ल पूर्णिमासम्म वर्षाबास बस्ने चलन रहेको छ । यस अवधिमा भिक्षु तथा केही परम्परामा भिक्षुणीहरू पनि एउटै विहार वा मठमा बस्दै ध्यान, व्रत, धर्मअध्ययन र आत्मअनुशासनमा समर्पित हुने प्रचलन रहेको छ । वर्षाको समयमा बाटाहरू हिलोमय र कठिन हुने, यात्रा गर्दा खेतीबाली नष्ट हुन सक्ने, साना जीवजन्तु र बिरुवाहरूलाई अन्जानमा क्षति पुग्न सक्ने भएकाले भगवान गौतम बुद्धले यी समस्याबाट जोगिनका लागि बुद्धले वर्षा ऋतुमा एकै स्थानमा स्थायी रूपमा बस्नुपर्ने नियम बनाएको धार्मिक मान्यता पाइन्छ । भिक्षुहरूले प्रत्येक वर्ष वर्षामासभरि कुनै एक विहारमा तीन महिनासम्म वस्ने परम्परा छ । बौद्ध संस्कृतिमा यसलाई वर्षावास भनिन्छ । अधिकांश भिक्षुहरू आषाढ पूर्णिमाको भोलिपल्टदेखि वर्षावास बस्ने गर्दछन् । आषाढ वा श्रावण जुनसुकै पूर्णिमादेखि वर्षावास बसे पनि पूरा तीन महीनासम्म एक स्थानमा बस्नुपर्ने कुरा भिक्षु विनय-प्रातिमोक्षले उल्लेख रहेको पाइन्छ ।

# जीवनको उत्तरार्द्धमा...

...एकल महिलाले पाउने भत्ताले अहिले जीवन गुजारिरहनु परेको उनको भनाइ छ । तानसेन छेर्लुङ्गका ७३ वर्षीय शिवप्रसाद भट्टराई पनि छ सन्तानका बाबु हुन् । सबै बालबच्चाका साथ रहँदा सँगै खाना खाँदा रमाइलो हुने उनी सम्झन्छन् । 'एउटा छोरा बाहिर छ, अरू काठमाडौँमा बस्छन्', उनले भने, 'यहाँ त हामी दुई बूढाबूढी मात्र बस्छौं । सधैं सबै बच्चा घरमै हुँदा जे पकाए पनि खाइन्थ्यो, अहिले दुई जना मात्रै छौं, खाना पनि राम्रोसँग रुच्दैन', उनले थपे ।

छोराछोरीले खेतबारीमा काम गर्न नरुचाएको उनी बताउँछन् । 'यहाँ खेतबारीमा दु:ख गर्न मान्दैनन्, सहरमै बस्छन्', उनले भने, 'यहाँ घर खाली हुन्छ, तर छोराहरू कोठा लिएर सहरमा बस्न रुचाउँछन्, उनीहरू त दसैं-तिहारमा यसो दुई/तीन दिन घर बस्नेगरी आउँछन्, अनि गइहाल्छन्', उनले भने । यी त केही प्रतिनिधि घटना मात्रै हुन् । पछिल्लो समय अधिकांश ज्येष्ठ नागरिकको पीडा उस्तै छ । जवानीमा अनेक घर, परिवार, इष्टमित्र हाँसीखुसी जीवन बिताएका नागरिक जीवनको उत्तरार्द्धमा एक्लो महसुस गर्दै आएका छन् । गरिखाने उमेरका छोराछोरी भविष्य बनाउन जसै लाखापाखा लाग्दै जान्छन्, घरगाउँमा पाकाहरू एक्लिँदै छन् । विश्वव्यापीकरण, बढ्दो सहरीकरण, आन्तरिक बसाइँसराइ, सामाजिक परिवेश, वैदेशिक रोजगारी र व्यस्त जीवनका कारण परिवारमा ज्येष्ठ नागरिक एक्लो हुँदै गएका हुन् । ग्रामीण भेगमा जग्गा र घर कुरेर बस्ने ज्येष्ठ नागरिक नै भेटिन्छन् । आधुनिकतासँगै मान्छेको दैनिकी प्रविधिमा रमाएको छ। कृत्रिम बौद्धिकताले मानिसको सिर्जनात्मक शक्ति ह्रास हुँदै छ । हिंसा, दुर्व्यवहार, मानवताविरुद्धका घटना बढ्दै गइरहेका छन् । आर्थिक, सामाजिक, शारीरिक, मानसिक र यौन दुर्व्यवहारको सिकारसमेत ज्येष्ठ नागरिकहरू बनिरहेका छन्। हिजोको संयुक्त परिवार आज 'एकल' मा परिणत हुँदै गएको सरोकारवालाहरु बताउँछन्। आफ्ना बालबच्चाबाहेक जन्म दिने बाबुआमाका लागि सन्तानले समय निकाल्न सक्दैनन् । एकछिन उनीहरूसँगै बसी उनीहरूका कथाव्यथा सुन्न पनि भ्याउँदैनन् । अति व्यस्त जीवनशैली, यान्त्रिक उपकरणको प्रयोग बढेको छ । आफ्नै छोरा, बुहारी, नातिनातिनीसँग विरानो बन्दै गएका छन् । डाँडामाथिको घाम बनेका वृद्धवृद्धासँग सम्मानजनक व्यवहार गर्नुपर्ने नागरिक समाजका अगुवा पुष्करराज रेग्मीले बताए । उनले भने, 'बाँचुन्जेल एक गाँस राम्ररी खुवाउन र एक वचन राम्रो बोल्न हामी किन कन्जुस्याइँ गर्छौं ? हामी आफ्ना अभिभावकलाई जस्तो व्यवहार गर्छौं, त्यस्तै पाठ हाम्रा सन्तानहरूले सिकिरहेका हुन्छन्, त्यसै पनि वृद्धावृद्धाहरुलाई सम्मान गर्नुपर्छ ।'अभिभावकलाई जिउँदो हुन्जेल मन लागेका खानेकुरा र लगाउने कपडा नदिने, जान चाहेको ठाउँमा नपुर्‍याइदिने, अपमान र तिरस्कार गर्ने अनि मरिसकेपछि दु:ख बोकेको छु भन्दै सेतो पहिरन लगाएर श्राद्धमा पिण्ड चढाउनु, पितृ प्रसाद भनेर मान्छेलाई बोलाएर खुवाउनु युक्तिसङ्गत नरहेको रेग्मीको भनाइ छ । सन्तानहरू जन्म दिने आमाबुबालाई घरको बोझ सम्झी आश्रम पठाएर कर्तव्य र दायित्वबाट विमुख हुँदै गएको दु:खलाग्दो अवस्था बनेको छ । जीवनयापन गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ति नभएका असहाय ज्येष्ठ नागरिक झनै हिंसाको सिकार भएका छन् । जवानीमा पैसा कमाइञ्जेल सबैको प्यारो हुने तर उमेर ढल्किँदै, कमाउन नसक्ने हुँदै जाँदा सबैबाट हेला सहनुपर्ने समस्या ज्येष्ठ नागरिकले भोग्नु परेको छ । बाबुआमाले छोराछोरी नबुझ्ने र छोराबुहारीले बाबुआमा नबुझ्ने र सामान्य असमझदारीमै परिवार छुट्टिएर बस्ने व्यवहारले ज्येष्ठ नागरिकले कठिनाइ भोग्नु परेको हो । जुन अभिभावकहरू सन्तानका लागि दस नङ्ग्रा खियाउँदा-खियाउँदै आफ्ना लागि केही गर्न सक्दैनन्, तिनको सहारा हुन प्राय: सन्तान तयार हुँदैनन् । कसैले भने बाबुआमाको सम्पत्ति नपाउन्जेल माया र आदरको नाटक गर्ने अनि सम्पत्ति हात परेपछि तिनलाई आश्रममा पुर्‍याउने गरेका उदाहरण भेटिन्छन् । कोही भने आफ्ना बच्चाहरू ससाना हुन्जेल वृद्ध अभिभावकहरूसँग बस्ने अनि जब बच्चाहरू हुर्कन्छन्, कि आफू छुट्टिएर बस्ने नत्र अभिभावकहरूलाई नै घरबाट निकालिदिने गर्छन् । *-रासस*

## तानसेन नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**तानसेन, पाल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**

## कर तथा शूल्क संकलन सम्बन्धी बोलपत्र आह्वानको सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८२/०४/२२**

तानसेन नगरपालिकाको आन्तरिक आय तथा (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०८२ को परिच्छेद २ को दफा ३ र ४ बमोजिम तानसेन नगरपालिका क्षेत्रभित्र तोकिएको स्थानमा तोकिएको दररेटमा पार्किङ्ग शूल्क संकलन, तानसेन नगरपालिका क्षेत्र भित्रबाट निकासी हुने जडीबुटी, कवाडी, जीवजन्तुको तोकिएको दररेटमा शुल्क तथा कर संकलन र तानसेन नगरपालिका क्षेत्र भित्र विज्ञापन कर संकलन गर्नको लागि १५ दिनको म्याद राखी यो बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । योग्य, ईच्छुक संस्था/फर्म/कम्पनीले निर्धारित समय भित्र रित पुर्वक बोलपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ ।

१.बोलपत्र खरिद गर्न चाहने फर्म/कम्पनीहरुले यस कार्यालयको नाममा रा.बा.बैंक पाल्पा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३०३०१००३०१०१०००४ मा तोकिएको रकम जम्मा गरी नेपाल सरकारको सार्वजनिक खरिद अनुगमन कार्यालयको **website: www.bolpatra.gov.np** बाट बोलपत्र फाराम download गर्नु पर्नेछ ।

**२.बोलपत्रफारम download गर्ने मिति** : सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र ।

**३.बोलपत्रदाखिल गर्ने मिति** : आ.व. २०८१/०८२ सम्मका लागि नवीकरण भएको संस्था/फर्म/कम्पनीको ईजाजतपत्र, स्थायी लेखा नम्बर/मुल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र, २०८०/०८१ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी साथै download भएको वोलपत्र साथ संलग्न गरी सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२ बजे सम्म । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट सोही समय भित्र रितपुर्वक पेश गर्नु पर्नेछ ।

**४.वोलपत्रखोल्ने समय** : सूचना प्रकाशित भएको मितिले १६ औं दिनको २ बजे वोलपत्रदाता र कार्यालय प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता उपस्थित नभएमा पनि बोलपत्रखोल्न वाधा पर्ने छैन ।

५.प्राप्त सिलवन्दी वोलपत्रस्वीकृत गर्ने/नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सूरक्षित रहने छ।

६.वोलपत्र स्वीकृत भएमा पट्टा लिनु अगावै ठेक/कवोल अकंको ५०% रकम अग्रीम बुझाउनु पर्नेछ र बाकी ५०% रकमको लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको कम्तिमा ९० दिनसम्म म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्ने छ । कबोल अंक रकम अग्रिम एकमुष्ट बुझाएमा न्युनतम् अंकमा नघट्ने गरी कबोल अंकको ५% प्रतिशत छुट दिन सकिने छ ।

७.वोलपत्र स्विकृत भै सम्झौता भए पश्चात चलन चल्ती गर्ने जिम्मा वोलपत्रदाताको हुनेछ ।

८.तोकिएको दर तानसेन नगरपालिकाको आर्थिक ऐन, २०८२ बमोजिम हुनेछ ।

९.ठेक्का स्वीकृत भै भोगचलन गरेपछि कुनै किसिमको मिनाहा छुट दिइने छैन ।

१०.ठेक्का अवधि कार्यदेश पाएको मिति देखि २०८३ साल असार मसान्तसम्मको लागि मात्र हुने छ ।

११.ठेक्का स्वीकृत भएका ठेकेदारले ठेक्का संझौता गर्नु अगावै पेश गर्नु पर्ने बैंक जमानत वा अन्य कागजातहरु तोकिएको समय भित्र पेश नगरेमा निजको नामको ठेक्का तोडी क्रमश: दोश्रो, तेश्रो क्रमका वोलपत्रदातालाई ठक्का सम्झौता गराईनेछ ।

१२.वोलपत्र दाखिला गर्दा कवोल गरेको अंकको ५% ले हुन आउने रकम धरौटी वापत रा.बा.वैंक पाल्पा शाखामा रहेको धरौटी खाता न. ३०३०१००३०३००००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्ने छ ।

१३.विस्तृत जानकारीको लागि कार्यालय समय भित्र तानसेन नगरकार्यपालिका कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

**वोलपत्र विवरण**

| ठेक्का नं. | कामको विवरण | न्युनतम ठेक अंक | वोलपत्रदस्तुर | कैफियत |
|---|---|---|---|---|
| | | बार्षिक रु. मु.अ. कर बाहेक | | |
| | | | | |
| ER/ 02/082/083 | जडिबुटी कवाडी जीवजन्तुकर संकलन | रु. ५,००,०००। | रु. १०००।०० | बोलपत्र |
| | | | | |

**तानसेन नगरकार्यपालिको कार्यालय**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई